
# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०७०/७१ को सात महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

1. आर्थिक वर्ष २०७०/७१ को सात महिनासम्ममा विस्तृत मुद्राप्रदाय ९.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ४.६ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०७० माघ मसान्तमा विस्तृत मुद्राप्रदाय २२.० प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा संकुचित मुद्राप्रदाय १३.० प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ०.७ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०७० माघ मसान्तमा संकुचित मुद्राप्रदाय ३०.१ प्रतिशतले वृद्धि भएको छ।




2. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ९५ अर्ब ७८ करोड (२०.५ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. १ अर्ब ५९ करोड (०.४ प्रतिशत) ले मात्र बढेको थियो। समीक्षा अवधिमा विप्रेषण आप्रवाह एवम् वैदेशिक सहायता रकममा उल्लेख्य वृद्धि भएकोले खुद वैदेशिक सम्पत्ति बढेको हो।

### आन्तरिक कर्जा

3. आर्थिक वर्ष २०७०/७१ को सात महिनासम्ममा आन्तरिक कर्जा २.३ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ७.१ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा सरकारतर्फको खुद दाबी घट्न गएकोले कुल आन्तरिक कर्जा सीमान्त रुपले मात्र बढेको हो। वार्षिक विन्दुगत आधारमा २०७० माघ मसान्तमा यस्तो कर्जा ११.९ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा ९.९ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १३.७


प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा भने निजी क्षेत्र तर्फ प्रवाह हुने कर्जा १६.१ प्रतिशतले बढेको छ ।

## सञ्चित मुद्रा

4. समीक्षा अवधिमा सञ्चित मुद्रा १२.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा १४.६ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७० माघ मसान्तमा उक्त मुद्रा ४५.८ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको खूद वैदेशिक सम्पत्ति १७.८ प्रतिशत (रु. ८२ अर्ब ६७ करोड) ले बढेकाले सञ्चित मुद्रा उच्च दरले बढेको हो ।

## बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति

5. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन ८.० प्रतिशत (रु. ९४ अर्ब ८२ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन ४.८ प्रतिशत (रु. ४८ अर्ब ६९ करोड) ले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७० माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन २१.० प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा वाणिज्य बैंकहरुको निक्षेप परिचालन ७.६ प्रतिशतले, विकास बैंकहरुको ११.३ प्रतिशतले र वित्त कम्पनीहरुको ४.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको निक्षेप परिचालन ३.८ प्रतिशतले, विकास बैंकहरुको ६.९ प्रतिशतले र वित्त कम्पनीहरुको ५.७ प्रतिशतले बढेको थियो ।




## बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति

6. आर्थिक वर्ष २०७०/७१ को सात महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी ८.० प्रतिशत (रु. ९१ अर्ब ३५ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी १२.० प्रतिशत (रु. ११५ अर्ब ८९ करोड) ले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंकहरुको कर्जा तथा लगानी ८.० प्रतिशतले, विकास बैंकहरुको ११.६ प्रतिशतले र वित्त कम्पनीहरुको ४.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी क्रमशः ११.४ प्रतिशत, ७.३ प्रतिशत र ६.८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ९.४ प्रतिशत (रु. ८८ अर्ब ७६ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १३.२ प्रतिशत (रु. १०२ अर्ब ७६ करोड) ले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७० माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १६.८ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह ९.९ प्रतिशतले, विकास बैंकहरुको १०.३ प्रतिशतले र वित्त कम्पनीहरुको २.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको निजी क्षेत्रमा प्रवाहित कर्जा १३.० प्रतिशतले विकास बैंकहरुको १३.६ प्रतिशतले र वित्त कम्पनीहरुको १३.९ प्रतिशतले बढेको थियो ।

7. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. २७ अर्ब ५ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. २२ अर्ब ९२ करोडले बढेको थियो । त्यसैगरी, समीक्षा अवधिमा औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. २५ अर्ब ६५ करोडले बढेको छ भने अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा रु. २३ अर्ब ६८ करोडले बढेको थियो । समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. ११ अर्ब २१ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. २ अर्ब २५ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. ६ अर्ब २३ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. ४ अर्ब ८१ करोडले बढेको थियो । समीक्षा अवधिमा कृषि क्षेत्रतर्फको कर्जा रु. ४ अर्बले बढेको छ भने अघिल्लो वर्षको सोही अवधिमा ८ अर्ब २७ करोडले बढेको थियो ।

### तरलता व्यवस्थापन

8. आर्थिक वर्ष २०७०/७१ को सात महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर १ अर्ब ९६ करोड खुद खरिद गरी रु. १९५ अर्ब ९२ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब ४१ करोड खुद खरिद गरी रु. १२२ अर्ब ५४ करोडको खुद तरलता प्रवाह भएको थियो ।

9. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब ६८ करोड बिक्री गरी रु. १६६ अर्ब ९७ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब ६६ करोड बिक्री गरी रु. १४४ अर्ब ३९ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

10. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुमा विद्यमान अधिक तरलतालाई खुला बजार कारोबारमार्फत् प्रशोचन गरिएको छ । समीक्षा अवधिमा रिभर्स रिपोमार्फत् रु. १७७ अर्ब र सोझै बिक्री बोल-कबोलमार्फत् रु. ८ अर्ब ५० करोड बराबरको तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा सोझै बिक्री बोल-कबोलमार्फत् रु. ८ अर्ब ५० करोड बराबरको तरलता प्रशोचन गरिएको थियो ।

### अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग

11. आर्थिक वर्ष २०७०/७१ को सात महिनासम्ममा वाणिज्य बैंकहरुले रु. १३७ अर्ब ३८ करोड र अन्य वित्तीय संस्थाहरू (विकास बैंक र वित्त कम्पनीहरु) ले रु. ८२ अर्ब ८० करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरुले क्रमश: रु. २५९ अर्ब ११ करोड र रु. ८३ अर्ब ४१ करोड बराबरको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा स्थायी तरलता सुविधाको भने उपयोग भएको छैन ।

### ब्याजदर


12. २०६९ माघको तुलनामा २०७० माघमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर र अन्तर-बैंक कारोबारको ब्याजदरहरुमा कमी आएको छ । ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर अघिल्लो वर्षको माघ महिनामा १.९३ प्रतिशत रहेकोमा २०७० माघ महिनामा ०.२३ प्रतिशत कायम रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर अघिल्लो वर्षको माघमा २.२९ प्रतिशत रहेकोमा २०७० माघमा ०.२१ प्रतिशत रहेको छ । अन्य

वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०६९ माघमा ४.३६ प्रतिशत रहेकोमा २०७० माघमा २.२१ प्रतिशत रहेको छ ।

13. २०७० माघ महिनामा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ४.६१ प्रतिशत रहेको छ भने कर्जाको भारित औसत ब्याजदर ११.३७ प्रतिशत रहेको छ । सो अनुसार, कर्जा र निक्षेपबीचको ब्याजदर अन्तर ६.७६ प्रतिशत रहेको देखिन्छ । अघिल्लो महिनामा यस्तो अन्तर ६.८५ प्रतिशत रहेको थियो । त्यसैगरी, वाणिज्य बैंकहरुको औसत आधार दर २०७० माघ महिनामा ८.५८ प्रतिशत कायम हुन आएको छ । अघिल्लो महिना यस्तो दर ८.७५ प्रतिशत रहेको थियो ।


## धितोपत्र बजार

14. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ५५.३ प्रतिशतले वृद्धि भई २०७० माघ मसान्तमा ७९९.१ विन्दुमा पुगेको छ । सो सूचकाङ्क २०६९ माघ मसान्तमा ६५ प्रतिशतले वृद्धि भई ५१४.६ विन्दु कायम भएको थियो ।




15. धितोपत्रको बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ६३.९ प्रतिशतले वृद्धि भई २०७० माघ मसान्तमा रु. ८१२ अर्ब ७८ करोड कायम भएको छ । २०७० माघ मसान्तमा कायम बजार पूँजीकरणको आर्थिक वर्ष २०६९/७० को कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४७.८ प्रतिशत रहेको छ । २०६९ माघ मसान्तमा यस्तो अनुपात ३२.३ प्रतिशत रहेको थियो ।

16. २०७० माघ मसान्तमा कायम रहेको बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरू (बीमा कम्पनीहरु सहित) को अंश ७५.८ प्रतिशत रहेको छ भने जलविद्युत क्षेत्रको ७.४ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २.१ प्रतिशत, होटलहरुको २.२ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.१ प्रतिशत र अन्यको १२.४ प्रतिशत रहेको छ ।




17. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०६९ माघ मसान्तमा २२५ रहेकोमा २०७० माघ मसान्तमा २३३ पुगेको छ । सूचीकृत कम्पनीहरूमध्ये २०१ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।


18. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी वार्षिक विन्दुगत आधारमा १८.९ प्रतिशतले बढी २०७० माघ मसान्तमा रु. १३८ अर्ब ७४ करोड पुगेको छ । चालू आर्थिक

वर्षको सात महिनासम्ममा रु. ५ अर्ब ५ करोड ९६ लाख बरावरको साधारण शेयर, रु. ४ अर्ब १९ करोड ७४ लाख बरावरको हकप्रद शेयर, रु. २ अर्ब ८ करोड ८९ लाख बरावरको बोनस शेयर र रु. १ अर्ब १० करोड बराबरको बाणिज्य बैंकको ऋणपत्र गरी कुल रु. १२ अर्ब ४४ करोड ५९ लाख बरावरको धितोपत्र सूचीकृत भएको छ ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

19. आर्थिक वर्ष २०७०/७१ को माघ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ८.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति १०.१ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क वृद्धिदर १०.८ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क वृद्धिदर ६.९ प्रतिशतले वृद्धि रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्क क्रमशः १०.७ प्रतिशत र ९.६ प्रतिशतले वृद्धि भएको थियो ।



चार्ट ५: उपभोक्ता मुद्रास्फीति (सात महिना)


20. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये सुर्तीजन्य पदार्थ उप-समूहको मूल्य सूचकाङ्कको वृद्धिदर सवैभन्दा बढी अर्थात २५.३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ११.४ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ४.४ प्रतिशत र १४.४ प्रतिशतले वृद्धि भएको मदिराजन्य पदार्थ र मासु तथा माछा उप-समूहहरुको मूल्य सूचकाङ्क समीक्षा अवधिमा क्रमशः २२.५ प्रतिशत र १९.५ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा फलफूल र खाद्य तथा खाद्यजन्य पदार्थ उप-समूहहरुको विन्दुगत मूल्य सूचकाङ्क क्रमशः १५.६ प्रतिशत र १३.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ४.६ प्रतिशत र १०.२ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा १२.५ प्रतिशतले बढेको चिनी तथा मिठाई उप-समूहको मूल्य सूचकाङ्क भने समीक्षा अवधिमा २.७ प्रतिशतले घटेको छ ।

21. समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहका वस्तुहरुमध्ये लत्ता कपडा तथा जुत्ता-चप्पल उप-समूहको मूल्य सूचकाङ्क सबै भन्दा बढी अर्थात १२.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ११.५ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, समीक्षा अवधिमा फर्निसिङ्ग तथा घरायसी उपकरण र स्वास्थ्य उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ९.४ प्रतिशत र ९.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित दुवै उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १२.९ प्रतिशत र ६.५ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा शिक्षा उप-समूहको मूल्य सूचकाङ्क ७.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यो उप-समूहको मूल्य सूचकाङ्कमा १२.५ प्रतिशतले वृद्धि भएको थियो ।

22. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सवैभन्दा बढी तराईमा ९.४ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ भने पहाडमा ८.५ प्रतिशत र काठमाडौं उपत्यकामा ८.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्ता मूल्य सूचकाङ्कहरुको वृद्धिदर तराईमा १०.६ प्रतिशत, पहाडमा ९.० प्रतिशत र काठमाडौं उपत्यकामा १०.२ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

23. आर्थिक वर्ष २०७०/७१ को माघ महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति दर ८.१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ९.५ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्य अर्न्तगत कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क ११.२ प्रतिशतले, स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ६.० प्रतिशतले र आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ३.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्षको सोही अवधिमा यी सूचकाङ्कहरुको वृद्धिदर क्रमशः १२.० प्रतिशत, ३.५ प्रतिशत र ८.७ प्रतिशत रहेको थियो ।




## राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

24. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क १६.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क ८.१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्क २६.४ प्रतिशतले वृद्धि भएको छ भने ज्यालादर सूचकाङ्क १४.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा तलब सूचकाङ्कमा कुनै वृद्धि भएको थिएन । ज्यालादर सूचकाङ्कमा भने अघिल्लो वर्षको सोही अवधिमा १०.१ प्रतिशतले वृद्धि भएको थियो ।

25. समीक्षा अवधिमा तलब अन्तर्गत बैंक तथा वित्तीय संस्था, सैनिक तथा प्रहरी सेवा र निजामती सेवा उप-समूहहरुको तलब सूचकाङ्क क्रमशः ४७.७ प्रतिशत, ३४.५ प्रतिशत र ३१.३ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै ज्यालादर अन्तर्गत औद्योगिक मजदुर, कृषि मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः २४.८ प्रतिशत, ११.१ प्रतिशत र १०.० प्रतिशतले वृद्धि भएको छ ।


# सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

26. आर्थिक वर्ष २०७०/७१ को सात महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. ४९ अर्ब ६७ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. ३९ अर्ब १४ करोडले बचतमा रहेको थियो । समीक्षा अवधिमा स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून रहेकोले सरकारी बजेट बचतमा रहेको हो ।

### सरकारी खर्च


27. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च २८.३ प्रतिशतले वृद्धि भई रु. १६९ अर्ब ७९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सरकारी खर्च ४.४ प्रतिशतले कमी आई रु. १३२ अर्ब ३३ करोड रहेको थियो । समीक्षा अवधिमा चालू तथा पूँजीगत दुबै खर्चको वृद्धिदरमा विस्तार आएकोले कुल सरकारी खर्चको वृद्धिदरमा विस्तार आएको हो ।



चार्ट ७: कुल सरकारी खर्च वृद्धिदर (सात महिना)

28. समीक्षा अवधिमा चालू खर्च ३९.९ प्रतिशतले वृद्धि भई रु. १४१ अर्ब ११ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च ८.८ प्रतिशतले घटेको थियो । चालू वर्षको वार्षिक बजेट समयमा सार्वजनिक भएको तथा संविधानसभा निर्वाचन सम्पन्न गर्न भएको खर्चका कारण चालू खर्चमा वृद्धि भएको हो ।

29. समीक्षा अवधिमा पूँजीगत खर्च ४०.६ प्रतिशतले वृद्धि भई रु. १३ अर्ब ११ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत खर्च १२.६ प्रतिशतले घटेको थियो । चालू वर्षको वार्षिक बजेट समयमा सार्वजनिक भएको कारण पूँजीगत खर्च वृद्धि भएको हो ।



चार्ट ८: राजस्व वृद्धिदर (सात महिना)

### सरकारी राजस्व

30. आर्थिक वर्ष २०७०/७१ को सात

---

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६६ शाखा मध्ये ६६ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४४ शाखा मध्ये ४३ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, ग्लोबल आईएमई बैंक लिमिटेडका ४ वटा शाखाहरु, नेपाल वंगलादेश बैंक लिमिटेड, एन. एम. बी. बैंक लिमिटेड र बैंक अफ काठमाडौंको १/१ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन २२.० प्रतिशतले वृद्धि भई रु. १८८ अर्ब ९१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व २०.६ प्रतिशतले वृद्धि भई रु. १५४ अर्ब ८८ करोड पुगेको थियो ।

31. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्व १८.८ प्रतिशतले वृद्धि भई रु. ५५ अर्ब ९५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा सो वृद्धिदर १८.१ प्रतिशत रहेको थियो। मूल्य अभिवृद्धि कर चुहावट नियन्त्रणका साथै मूल्य अभिवृद्धि कर प्रशासनमा भएका सुधारका कारण समीक्षा अवधिमा मूल्य अभिवृद्धि करको वृद्धिदरमा केही विस्तार आएको हो ।

32. समीक्षा अवधिमा भन्सार महशूलबाट प्राप्त हुने राजस्व १८.८ प्रतिशतले वृद्धि भई रु. ३७ अर्ब ६२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा सो राजस्व ३८.९ प्रतिशतले वृद्धि भएको थियो।

33. समीक्षा अवधिमा अन्तःशुल्क राजस्व २०.३ प्रतिशतले वृद्धि भई रु. २४ अर्ब २६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा पनि उक्त राजस्व १९.६ प्रतिशतले वृद्धि भएको थियो।

34. समीक्षा अवधिमा सरकारको आयकर राजस्व ११.४ प्रतिशतले वृद्धि भई रु. ३८ अर्ब ५२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा आयकर राजस्व ३१.९ प्रतिशतले वृद्धि भएको थियो।

35. समीक्षा अवधिमा नेपाल सरकारको गैर-कर राजस्व ४०.४ प्रतिशतले वृद्धि भई रु. २३ अर्ब ४२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा गैर-कर राजस्वमा ८.८ प्रतिशतले कमी आएको थियो। सार्वजनिक संस्थानहरुबाट नेपाल सरकारलाई प्राप्त हुने लाभांशमा वृद्धि भएकोले गैर-कर राजस्वको वृद्धिदरमा विस्तार आएको हो ।


### वैदेशिक नगद ऋण र अनुदान

36. आर्थिक वर्ष २०७०/७१ को सात महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु. ११ अर्ब ३१ करोड र वैदेशिक नगद अनुदानवापत रु. २३ अर्ब ३९ करोड प्राप्त भएको छ। अघिल्लो वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमशः रु. २ अर्ब २९ करोड र रु. ११ अर्ब ७१ करोड प्राप्त भएको थियो।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

37. आर्थिक वर्ष २०७०/७१ को सात महिनासम्ममा कुल वस्तु निर्यात १७.६ प्रतिशतले वृद्धि भई रु. ५२ अर्ब ८९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ५.६ प्रतिशतले वृद्धि भई रु. ४४ अर्ब ९८ करोड रहेको थियो। मासिक रुपमा हेर्दा चालू आर्थिक वर्षको माघ महिनामा कुल वस्तु निर्यात पुस महिनाको तुलनामा ०.४ प्रतिशतको सीमान्त दरले ह्रास आएको छ।



चार्ट ९: वैदेशिक व्यापार (सात महिना)

38. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्षको सात महिनाको २.९ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २१.१ प्रतिशतले बढेको छ । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिमा ११.० प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ११.३ प्रतिशतले बढेको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको ०.७ प्रतिशत ह्रासको तुलनामा समीक्षा अवधिमा २.३ प्रतिशतले ह्रास भई अमेरिकी डलर १७ करोड ९६ लाख पुगेको छ । भारततर्फ मुख्यतयाः जिङ्क शिट, अलैंची, जुस र जुत्ता तथा चप्पल लगायतको निर्यात बढेको छ भने अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैंचा, जडीबुटी, तयारी पोशाक र पश्मिना लगायतको निर्यातमा वृद्धि भएको छ ।

39. समीक्षा अवधिमा कुल वस्तु आयात २४.२ प्रतिशतले बढेर रु. ३९२ अर्ब ६९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २४.० प्रतिशतले वृद्धि भई रु. ३१६ अर्ब २० करोड रहेको थियो । भारत तथा अन्य मुलुक दुवै तर्फको आयातको वृद्धिदर उच्च रहेको कारण कुल वस्तु आयातको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा समीक्षा अवधिमा उच्च रहन गएको हो । मासिक रुपमा हेर्दा माघ महिनामा कुल वस्तु आयात पुस महिनाको तुलनामा ७.५ प्रतिशतले घटेको छ ।

40. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिको २६.१ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २५.३ प्रतिशतले बढेको छ । त्यसैगरी अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिमा २०.३ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २२.० प्रतिशतले बढेको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु आयात अघिल्लो वर्षको सोही अवधिको ८.२ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ७.० प्रतिशतले वृद्धि भई अमेरिकी डलर १ अर्ब ३३ करोड पुगेको छ । भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, धागो, सवारी साधन तथा पाटपूर्जा र कोल्डरोल्ड शिट इन क्वायल लगायतको आयात बढेको कारण त्यस तर्फको आयात उच्च दरले बढेको हो । अन्य मुलुकबाट विशेषगरी कच्चा सोयाबिन तेल, चाँदी, अन्य स्टेशनरी र यातायातका उपकरण तथा पाटपूर्जा लगायतको आयात बढेको कारण त्यस तर्फको आयात बढेको हो ।

41. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा २५.३ प्रतिशतले वृद्धि भई रु. ३३९ अर्ब ८१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा २७.७ प्रतिशतले बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा समीक्षा अवधिमा २६.० प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा भारतसँगको यस्तो घाटा ३०.८ प्रतिशतले बढेको थियो । त्यस्तै, अघिल्लो वर्षको सोही अवधिमा २२.१ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा २३.९ प्रतिशतले बढेको छ ।

42. आयातको वृद्धिदर उच्च रहेको कारण निर्यात-आयात अनुपात समीक्षा अवधिमा १३.५ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १४.२ प्रतिशत रहेको थियो ।


## शोधनान्तर स्थिति

43. आर्थिक वर्ष २०७०/७१ को सात महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. ९५ अर्ब ७८ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत रु. १ अर्ब ५९ करोड रहेको थियो । समीक्षा अवधिमा चालू खाता बचत रु. ६७ अर्ब २४ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता रु. १ अर्ब ७० करोडले घाटामा रहेको थियो । खासगरी सेवा आय, खुद आय तथा अनुदानमा भएको उल्लेख्य वृद्धि एवं विप्रेषण आप्रवाहमा भएको उल्लेख्य वृद्धिको कारण समीक्षा अवधिमा चालू खाता बचत उच्च रहन गएको हो । अमेरिकी डलरमा समीक्षा अवधिमा चालू खाता बचत ६७ करोड

५९ लाख डलर रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता २ करोड १४ लाख डलरले घाटामा रहेको थियो ।

44. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा आर्थिक वर्ष २०७०/७१ को सात महिनासम्म २५.० प्रतिशतले बढी रु. ३२६ अर्ब ४६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो वस्तु व्यापार घाटा २७.८ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा खुद सेवा आय रु. १२ अर्ब ५० करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु. ८२ करोडले घाटामा रहेको थियो । त्यस्तै, खुद ट्रान्सफर आय अघिल्लो वर्षको सोही अवधिको १५.३ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ४१.८ प्रतिशतले बढी रु. ३६२ अर्ब ९० करोड पुगेको छ । ट्रान्सफर अन्तर्गतको विप्रेषण आप्रवाह अघिल्लो वर्षको १९.६ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ३८.६ प्रतिशतले वृद्धि भई रु. ३११ अर्ब ९१ करोड पुगेको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको ८.० प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २१.५ प्रतिशतले वृद्धि भई ३ अर्ब १४ करोड डलर पुगेको छ । मासिकरुपमा हेर्दा, विप्रेषण आप्रवाह चालू आर्थिक वर्षको पुस महिनाको तुलनामा माघ महिनामा ४.१ प्रतिशतले वृद्धि भएको छ ।

## विदेशी विनिमय सञ्चिति




45. २०७० माघ मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०७० असार मसान्तको रु. ५३३ अर्ब ३० करोडको तुलनामा २२.० प्रतिशतले वृद्धि भई रु. ६५० अर्ब ५४ करोड पुगेको छ । २०६९ माघ मसान्तमा यस्तो सञ्चिति २०६९ असार मसान्तको तुलनामा ०.४ प्रतिशतले ह्रास आई रु. ४३७ अर्ब ८५ करोड रहेको थियो । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७० असार मसान्तको रु. ४५२ अर्ब ९९ करोडको तुलनामा २०७० माघ मसान्तमा २१.४ प्रतिशतले वृद्धि भई रु. ५४९ अर्ब ७२ करोड रहेको छ । परिवर्त्य विदेशी मुद्रामा रहेको बैंकिङ्ग क्षेत्रको कुल सञ्चिति २०७० असारदेखि २०७० माघ मसान्तसम्ममा १७.८ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ५ अर्ब १३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति ४.२ प्रतिशतले बढेको थियो । अपरिवर्त्य (भारतीय) मुद्रा सञ्चिति भने समीक्षा अवधिमा १८.२ प्रतिशतले वृद्धि भई भा.रु. ८८ अर्ब ८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति २.७ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०७०/७१ को सात महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तर ११.८ महिनाको वस्तु आयात र १०.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

46. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६९ माघ मसान्तमा प्रति व्यारल अमेरिकी डलर ११७.४ रहेकोमा २०७० माघ मसान्तमा ७.५ प्रतिशतले ह्रास भई प्रति व्यारल अमेरिकी डलर १०८.६ पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०६९ माघ मसान्तको तुलनामा २०७० माघ मसान्तमा १८.१ प्रतिशतले ह्रास भई प्रति आउन्स अमेरिकी डलर १३२०.० कायम रहेको छ ।

47. २०७० असार मसान्तको तुलनामा २०७० माघ मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.३ प्रतिशतले अवमूल्यन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ३.९ प्रतिशतले अधिमूल्यन भएको थियो । २०७० माघ मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ९९.२६ पुगेको छ। २०७० असार मसान्तमा उक्त विनिमय दर रु. ९५.० रहेको थियो ।